नेपाल एसबिआई बैंक लि.
NEPAL SBI BANK LTD.
('A' Class Institution Licensed by Nepal Rastra Bank)
CORPORATE OFFICE: KESHARMAHAL, GPO BOX NO. 6049, KATHMANDU, NEPAL
SWIFT: NSBINPKA, website: https://nsbl.statebank, e-mail: nsblco@nsbl.com.np

मिति : २०७९/०९/०३
प.सं. : एनएसबिएल/सिओ/सिएसडी/२०७९-८०/६५

**श्री नेपाल स्टक एक्सचेन्ज लि.**
**सिंहदरबारप्लाजा**
**काठमाण्डौं ।**

**विषय : <u>२९औं वार्षिक साधारण सभा तथा शेयरधनी दर्ता पुस्तिका बन्द सम्बन्धमा ।</u>**

महोदय,

यस नेपाल एसबिआई बैंक लिमिटेडको संचालक समितिको ४९२औं बैठकले नेपाल राष्ट्र बैंकबाट वित्तीय विवरण स्वीकृत भएपश्चात वार्षिक साधारणसभा बोलाउने अख्तियारी प्रबन्ध संचालकलाई प्रदान गरे बमोजिम यस बैंकको २९औं वार्षिक साधारणसभा मिति २०७९ साल पौष २५ गते (तदनुसार ९ जनवरी, २०२३) सोमवारका दिन विहान ११ बजे त्रिभुवन आर्मी अफिसर्स क्लब, भद्रकाली, काठमाडौंमा बस्ने तय भएको र सो प्रयोजनका लागि मिति २०७९/०९/१३ गते १ (एक) दिनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द रहने बेहोरा जानकारी गराउँदछौ । सोही प्रयोजनको लागि शेयरधनी दर्ता पुस्तिका बन्द रहने बेहोरा उल्लेख गर्दै मिति २०७९/०९/०४ गतेको कारोबार राष्ट्रिय दैनिकमा प्रकाशित गरिने सूचना संलग्न गरिएको वेहोरा अनुरोध छ । साथै सूचना सम्प्रेषण विवरण देहाय बमोजिम रहेको जानकारी गराउँदछौं ।

**<u>सूचना सम्प्रेषण विवरण :</u>**

| | | |
|---|---|---|
| १) | **नगद लाभाँश :** | ७.५३ प्रतिशत (रु.७३,९८,८६,७३९.३८ ) |
| २) | **बोनस शेयर :** | ३.०० प्रतिशत (रु.२९,४७,७५,५९३.३८) |
| ३) | **हकप्रद शेयर प्रतिशत :** | नभएको |
| ४) | **शेयर दाखिला खारेज बन्द मिति (Book Close Date) :** | मिति २०७९/०९/१३ गते १(एक) दिन |
| ५) | **हालको चुक्ता पूँजी :** | रु.९,८२,५८,५३,११३/- |
| ६) | **वार्षिक साधारणसभाको मिति :** | वि.सं.२०७९/०९/२५ (९ जनवरी, २०२३), सोमवार |

भवदीय,

(श्रीधर अधिकारी)
कम्पनी सचिव

**बोधार्थ :**
१. श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
२. श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलीसडक, काठमाण्डौं ।
३. श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग, वालुवाटार, काठमाडौं ।
४. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरीवेक्षण विभाग, वालुवाटार, काठमाडौं ।
५. श्री नेपाल एसबिआई मचेन्ट बैंकिङ्ग लि. हात्तिसार, काठमाडौं (शेयर रजिष्ट्रार) ।

# नेपाल एसबिआई बैंक लिमिटेड
# NEPAL SBI BANK LTD.

प्रधान कार्यालय: काठमाण्डौ जिल्ला, का.म.न.पा., वार्ड नं. २९, केशरमहल, लैनचौर, फोन: ०१-४४३५६१३/४४३५५१६

## उनन्तीसौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**शेयरधनी महानुभावहरु,**

यस बैंक संचालक समितिको मिति २०७९ मंसिर १२ गते बसेको ४९२औं बैठकको निर्णय बमोजिम यस बैंकको उनन्तीसौं वार्षिक साधारण सभा देहायको मिति, स्थान र समयमा निम्न प्रस्ताव उपर छलफल गर्न बस्ने भएकोले बैंकका शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**सभा हुने मिति** : २०७९ साल पौष २५ गते तदनुसार ९ जनवरी, २०२३, सोमवार।

**स्थान** : त्रिभुवन आर्मी अफिसर्स क्लब, भद्रकाली, काठमाडौं।

**समय** : बिहान ११ बजे।

**बैंकको २९औं बार्षिक साधारण सभाको छलफलको विषयसूची:**

**क) सामान्य प्रस्ताव :**

१. आ.व. २०७८/७९ का लागि संचालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।
२. लेखापरीक्षकको प्रतिवेदनसहितको आ.व. २०७८/७९ को वार्षिक आर्थिक विवरण (२०७९ असार मसान्तको वासलात, आ.व. २०७८/७९ को नाफानोक्सान हिसाब र सोही अवधिको नगदप्रवाह विवरणलगायत वार्षिक आर्थिक विवरणसँग सम्बन्धित अनुसूचीहरु समेत) छलफल गरी पारित गर्ने।
३. यस बैंकको सहायक कम्पनी "नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लि." को आ.व. २०७८/७९ को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण स्वीकृत गर्ने।
४. संचालक समितिले प्रस्ताव गरे अनुसार शेयरधनीहरुलाई रु. ७३,९८,८६,७३९.३८ बराबर (चुक्ता पुंजीमा ७.५३ प्रतिशतका दरले) नगद लाभांश (बोनस शेयर तथा नगद लाभांशमा लाग्ने कर सहित) वितरण गर्ने प्रस्ताव पारित गर्ने।
५. स्वतन्त्र संचालक नियुक्तिको जानकारी सम्बन्धमा (बैंकको संचालक समितिको मिति २०७८ चैत्र ३० मा सम्पन्न ४८३औं बैठकले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को प्रावधान बमोजिम डा. गोपाल प्रसाद भट्टलाई ४ वर्षका लागि स्वतन्त्र संचालकमा नियुक्त गरेको)।
६. बैंकको लेखापरीक्षण समितिले सिफारिस गरे अनुसार आ.व.२०७९/८० को लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने।
७. विविध (अध्यक्षज्यूको अनुमतिमा)।

**ख) विशेष प्रस्ताव:**

१. बैंकको संचालक समितिले प्रस्ताव गरे अनुसार शेयरधनीहरुलाई रु.२९,४७,७५,५९३.३८ बराबर (चुक्ता पुंजीमा ३.०० प्रतिशतका दरले) बोनस शेयर वितरण गर्ने प्रस्ताव पारित गर्ने।
२. विशेष प्रस्ताव नं. १ बमोजिम कम्पनीको जारी तथा चुक्ता पुँजीमा परिवर्तन गर्नुपर्ने भएका कारण तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ र कम्पनी ऐन, २०६३ मा भएको व्यवस्थाको अनुपालनाका लागि बैंकको प्रबन्धपत्र तथा नियमावलीको विभिन्न दफा/नियममा संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने।
३. बैंकको रजिष्टर्ड (प्रधान) कार्यालय बागमती प्रदेश, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. २८, कमलादी, नेपाल कायम गर्न बैंकको प्रबन्धपत्रको दफा २ को उपदफा १ तथा नियमावलीको नियम २ मा संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने।
४. संचालक समिति तथा संचालक समितिका उपसमितिहरूको बैठकमा भाग लिएबापत संचालक समितिका अध्यक्ष तथा अन्य संचालकहरूलाई दिइने बैठक भत्ता वृद्धि गरी क्रमशः रु. १८,०००/- र रु. १५,०००/- प्रतिबैठक कायम गर्न बैंकको नियमावलीको नियम २९ को उपनियम (ख) संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने।
५. बैंकले आ.व. २०७८/७९ मा संस्थागत सामाजिक उत्तरदायित्व वहन गर्ने क्रममा विभिन्न संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रम संचालन गर्न गरिएको खर्च रु. १,०४,३१,११६.८० कम्पनी ऐन, २०६३ को दफा १०५ को उपदफा १ को खण्ड (ग) ले निर्धारण गरेको सीमा नाघेको हुँदा सो अन्तर्गत भएको खर्च रु. १,०४,३१,११६.८० लाई अनुमोदन गर्ने।
६. बैंकले अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरु गाभ्ने/गाभिने (मर्जर) वा प्राप्ति (एक्विजिसन) गर्न आवश्यक सहमति र सम्झौता गर्ने लगायत बैंक तथा वित्तीय संस्थाहरु गाभ्ने/गाभिने (मर्जर) वा प्राप्ति (एक्विजिसन) गर्ने/गराउने सम्बन्धमा प्रचलित नियम, कानून बमोजिम बैंकको तर्फबाट गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्यहरु गर्ने/गराउने अख्तियारी संचालक समितिलाई प्रत्यायोजन गर्ने।
७. नियामक निकायहरुको निर्देशन बमोजिम प्रबन्धपत्र तथा नियमावलीका प्रस्तावित संशोधनहरुमा परिमार्जन गर्न आवश्यक र उपयुक्त भएमा सो कार्यका लागि संचालक समितिलाई अधिकार प्रदान गर्ने।
८. विविध (अध्यक्षज्यूको अनुमतिमा)।

**संचालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

**साधारण सभा सम्बन्धी थप जानकारी**

१. यस २९औं वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०७९/०९/१३ गते १(एक) दिनका लागि बैंकको शेयर दाखिल खारेज बन्द हुनेछ। मिति २०७९/०९/१३ गते भन्दा अघिल्लो दिनसम्म अर्थात २०७९/०९/१२ गतेसम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा शेयर कारोबार भई सो को ७ (सात) कार्यदिन भित्र यस बैंकको शेयर रजिष्ट्रार नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लिमिटेडमा प्राप्त शेयर नामसारीको लिखत/विवरणको आधारमा शेयर दाखिल खारेज भई शेयरधनी दर्ता किताबमा कायम तथा सिडीएस एण्ड क्लियरिङ्ग लि.मा प्रचलित नियम बमोजिम कायम शेयरधनीले मात्र साधारण सभामा भाग लिन तथा मतदान गर्न सक्नेछन्। नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा कारोबार भई धितोपत्र व्यवसायी (सदस्य दलाल) को Pool Account मा रहेको शेयरका आधारमा शेयरधनी कायम नहुने भएकाले उल्लिखित मितिभित्र शेयरधनीको खातामा समावेश गर्न समेत सम्बन्धित धितोपत्र व्यवसायीलाई अनुरोध गरिन्छ।
२. बैंकको संक्षिप्त वार्षिक आर्थिक विवरण तथा साधारण सभामा छलफल हुने विषयहरू सहितको सूचना शेयरधनी महानुभावहरूलाई शेयरधनी लगतमा उल्लेखित/कायम रहेको निजहरुको ठेगानामा यथा समयमा हुलाक/कुरीयर मार्फत् वा शेयरधनीले अनुरोध गरेमा इमेल (email) मार्फत् समेत पठाइने व्यवस्था गरिएको छ। कारणबस कसैलाई उक्त विवरण तथा छलफल हुने विषयहरू प्राप्त हुन नसकेमा बैंकको काठमाडौं, लैनचौर, केशरमहल स्थित प्रधान कार्यालय तथा बैंकको शेयर रजिष्ट्रार नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लिमिटेडको कार्यालय, हात्तिसार काठमाडौंबाट शेयरधनीको प्रमाण प्रस्तुत गरी प्राप्त गर्न सक्नु हुनेछ। साथै, सो सम्बन्धी जानकारी यस बैंकको वेवसाइट https://nsbl.statebank बाट समेत प्राप्त गर्न सकिने जानकारी गराउँदछौं।
३. साधारण सभामा अनलाइन (Virtual) प्रविधि मार्फत सहभागी हुन, आफ्नो विचार/धारणा व्यक्त गर्न तथा मतदान गर्न सक्ने गरी शेयरधनी महानुभावहरुलाई साधारण सभामा जोडिनका लागि ID तथा Password उपलब्ध गराइने व्यवस्था समेत मिलाइएको छ। सो प्रयोजनका लागि शेयरधनी महानुभावहरुले साधारण सभा सुरु हुनु भन्दा ४८ घण्टा अगावै आफ्नो नाम, ईमेल ठेगाना, शेयरधनीको प्रमाण समावेश गरी बैंकका कम्पनी सचिवको ईमेल ठेगाना cs@nsbl.com.np मा ईमेल गरी वा फोन नं. ०१-४४३५६१३ मा सम्पर्क गरी टिपाउनु पर्नेछ। सोही बमोजिम सभामा सहभागी हुनका लागि आवश्यक ID तथा Password उपलब्ध गराइनेछ। सभा सुरु हुनुभन्दा १ घण्टा अगाडिबाट अनलाइन (Virtual) माध्यम खुल्ला रहनेछ। यस प्रक्रियाबाट उपस्थित हुने शेयरधनीहरुलाई साधारण सभामा उपस्थित भएको मानिनेछ। सभामा राय/सुझाव दिन चाहनुहुने शेयरधनी महानुभावहरुले लिखित रुपमा आफ्नो राय/सुझाव ईमेल मार्फत् दिन सक्ने व्यवस्था समेत मिलाइएको छ।
४. भौतिक रुपमा उपस्थित भई साधारण सभामा भाग लिन चाहने शेयरधनी महानुभावहरूले आफ्नो परिचय खुल्ने कागजात, सभाका लागि जारी गरिएको प्रवेशपत्र र शेयरधनीको प्रमाण प्रस्तुत गरेपछि मात्र सभा कक्ष भित्र प्रवेश गर्न पाईनेछ।
५. सभा हुने दिन प्रातः १०:०० बजेदेखि मध्यान्ह १२:०० बजेसम्म मात्र दर्ता काउन्टरहरू खुल्ला राखिने छन्। तत् पश्चातः दर्ता काउण्टर बन्द गरिनेछ।
६. सभामा भाग लिन तथा मतदान गर्न आफ्नो प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीले प्रचलित कानून बमोजिम आफ्नो सम्पूर्ण शेयरका लागि बैंकका अन्य कुनै एक शेयरधनीलाई आफ्नो प्रोक्सी नियुक्त गरी सभा शुरु हुनुभन्दा १२० घण्टा अगावै बैंकको प्रधान कार्यालय, केशरमहल, लैनचौर, काठमाडौंस्थित कम्पनी सचिवको कार्यालयमा प्रोक्सी फारम दर्ता गराईसक्नु पर्नेछ। नाबालक तथा मानसिक सन्तुलन ठीक नभएका शेयरधनीको तर्फबाट कम्पनीको शेयरधनी दर्ता किताबमा संरक्षकको रुपमा दर्ता भएको व्यक्तिले सभामा भाग लिन र मतदान गर्न वा प्रोक्सी नियुक्त गर्न सक्नेछन्। तर बैंकको प्राथमिक शेयर निस्कासन हुँदा वा दोश्रो बजारवाट शेयर खरिद गर्दा नाबालक रहेका तर हाल बालिग भईसकेका शेयरधनीहरुले बैंकको अभिलेखमा आफ्नो नाबालक हैसियत अद्यावधिक गर्न बाँकी रहेको भए त्यस्ता शेयरधनीले आफ्नो नाबालक हैसियत परिवर्तन गरी बालिग कायम गर्न यस बैंकबाट विभिन्न मितिमा सूचना प्रकाशित हुँदा समेत बालिग हैसियत कायम गर्न बाँकी शेयरधनीको प्रोक्सी नियुक्तिको लागि संरक्षकको दस्तखतलाई मान्यता दिईने छैन।
७. नियुक्त भईसकेको प्रोक्सीको अख्तियारी रद्द गर्न वा सो लाई रद्द गरी अर्कोलाई दिन चाहेमा नियुक्ति वा रद्द गरिएको सूचना सभाको लागि तोकिएको समय भन्दा कम्तीमा ७२ घण्टा अगावै बैंकको प्रधान कार्यालय, केशरमहल, लैनचौर, काठमाडौंस्थित कम्पनी सचिवको कार्यालयमा पुगिसकेको हुनुपर्नेछ। साथै, एउटै साधारण सभामा उपस्थित हुनको लागि एकभन्दा बढी व्यक्तिहरु प्रोक्सी नियुक्त भएमा माथि उल्लेख भए बमोजिम रद्द गरी कुनै एक प्रोक्सी कायम गरिएकोमा बाहेक कुनैपनि प्रोक्सीले सभामा उपस्थित हुन वा मतदान गर्न पाउने छैनन्।
८. प्रोक्सी दिईसकेका शेयरधनी स्वयं उपस्थित भई सभामा भाग लिन चाहेमा सभा शुरु हुन अगावै संचालक समितिका अध्यक्षलाई लिखित सूचना दिई निजले उक्त सभामा भाग लिन एवं मतदान गर्न पाउनेछन्। यस्तो अवस्थामा निजले नियुक्त गरेको प्रतिनिधि (प्रोक्सी) को अख्तियारी पत्र स्वतः अमान्य हुनेछ। साथै, त्यस्ता शेयरधनीको दस्तखत रुजु (Signature Verification) गरेर मात्र दर्ता पुस्तिकामा हाजिर जनाईनेछ।
९. संयुक्त रुपमा लिएको शेयरको हकमा शेयरधनी दर्ता किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति वा सर्वसम्मतिबाट प्रतिनिधि नियुक्त भएको एक व्यक्तिले मात्र सभामा भाग लिन वा मतदान गर्न पाउनेछन्।
१०. सुरक्षाको दृष्टिकोणले साधारण सभामा भाग लिन आउनुहुने शेयरधनीहरुले साधारण सभासँग सम्बन्धित कागजात बाहेक कुनै झोला, पोका, लौरो वा अन्य सामग्री लिई आउन पाईने छैन। आवश्यक देखिएमा साधारण सभाको सुरक्षार्थ खटिएका सुरक्षाकर्मीले सभामा भाग लिन आउने शेयरधनीहरुको जाँच गर्न सक्नेछन्।
११. कम्पनी ऐन, २०६३ को दफा १८२(८) बमोजिम साधारण सभाबाट स्वीकृत लाभांश बाहेक कम्पनीले आफ्नो कोषमा व्ययभार पर्नेगरी शेयरधनीहरुलाई नगद वा जिन्सीको रुपमा कुनैपनि रकम भुक्तानी गर्न वा वितरण गर्न नपाउने भएकोले साधारण सभामा भाग लिन आउने शेयरधनी महानुभावहरुलाई यातायात/खाजा वा अन्य खर्च बापत कुनै रकम वितरण नगरिने व्यहोरा जानकारी गराउँदछौं। यसबाट शेयरधनी महानुभावहरुलाई कुनै असुविधा पर्न जाने भएमा बैंक क्षमाप्रार्थी छ।
१२. साधारण सभा सम्बन्धी अन्य कुराहरुको जानकारी आवश्यक भएमा बैंकको प्रधान कार्यालय, केशरमहल, लैनचौर, काठमाडौं तथा बैंकको शेयर रजिष्ट्रार नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लिमिटेडको कार्यालय, हात्तिसार, काठमाडौंमा कार्यालय समयभित्र सम्पर्क राखी जानकारी लिन सकिनेछ।

**कम्पनी सचिव**
**नेपाल एसबिआई बैंक लि.**

**शेयरधनी महानुभावहरुले बैंकको केशरमहल, लैनचौर, काठमाडौं स्थित प्रधान कार्यालय तथा बैंकको शेयर रजिष्ट्रार नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लिमिटेडको कार्यालय, हात्तिसार, काठमाडौंमा कार्यालय समयभित्र सम्पर्क राखी बैंकको उनन्तीसौं वार्षिक साधारण सभामा पेश गरिने वार्षिक आर्थिक विवरण, संचालकको प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितको वार्षिक प्रतिवेदन, संक्षिप्त वार्षिक प्रतिवेदन, कम्पनी ऐन, २०६३ को दफा ७८ अनुसार तयार पारिएको प्रतिवेदन लगायतका विवरण तथा जानकारी निरीक्षण गर्न र प्राप्त गर्न सक्नुहुनेछ।**